## थुलुङ्गको 'खुशीका रंगहरू' विमोचित

**काठमाडौं/हिटा ।** गायिका खुशी थुलुङ्ग राईको गीतिसंग्रह 'खुशीका रङ्गहरू' विमोचन गरिएको छ । काठमाडौंमा एक कार्यक्रमबीच उक्त गीतिसंग्रसँगै 'प्रेमको अर्थ' नामक भिडियोलाई पूर्वसंस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री सुदन किरातीले विमोचन गर्नुभएको हो । उहाँले सार्वजनिक गीतिसंग्रहलाई सफलताको शुभकामना दिँदै गीतसंगीत मन परेको प्रतिक्रिया दिनुभएको थियो । गायिका खुशीले आफ्नो पहिलो गीतिसंग्रह सार्वजनिक समारोहमा पाएको माया, हौसला र प्रतिक्रियाले अगाडि बढ्न प्रेरित गर्ने बताउनुभयो । संग्रहमा आठ गीत संग्रहित भए तापनि पहिलो गीत 'प्रेमको अर्थ'को मात्र भिडियो सार्वजनिक गरिएको थियो । उक्त गीतमा क्रान्ति सुब्बाको शब्द र हरि लम्सालको संगीत छ । गीतको भिडियोमा रुक्मान लिम्बू र करिश्मा श्रेष्ठको अभिनय छ । गीतको भिडियोलाई राजेश पुमा राईले निर्देशन गर्नुभएको हो ।


## रौतामाई गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
भुट्टार, उदयपुर
कोशी प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मिति : २०८०/१२/२९

यस कार्यालयको मिति २०८०/११/१६ को "Truss and Roof works at top floor of chief Administrative building, Bhuttar, RRM-2, Udayapur" सम्बन्धी ठेक्काको बोलपत्र आह्वानको प्रकाशित सूचना अनुसार दर्ता हुन आएका बोलपत्रहरु मध्ये तपसिलमा उल्लेख भएका बोलपत्र न्यूनतम् मूल्याङ्कित सारभुत रुपमा प्रभावग्राही भई स्वीकृतिको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ प्रयोजनकालागि सम्बन्धित सबैलाई जानकारीको लागि ७ (सात) दिने आशयको सूचना प्रकाशित गरिएको छ ।

तपसिल

| क्र. सं. | बोलपत्र ठेक्का नं. | कामको विवरण | छनौट भएको बोलपत्रदाताको नाम | कबोल गरेको रकम (PS र भ्याट सहित) |
|---|---|---|---|---|
| १ | RRM/NCB/Works/ 18/2080-081 | Truss and Roof works at top floor of chief Administrative building, Bhuttar, RRM-2, Udayapur | H.N. Nirman Sewa, Triyuga Muncipality- 11, Gaighat, udayapur | रु. २८,१०,५६०।७६ |

**नि. प्रमुख प्रशासकीय अधिकृत**



## Baglung Municipality
## Office of the Municipal Executive
Baglung, Gandaki Province Nepal

### Invitation for Electronic Bid

**First Date of Publication :- 2080/12/29 (April 11th 2024)**

1. **Baglung Muncipality** invites electronic Bids from eligible bidders for following projects.

| Contract Id No. | Name of Project | Estimate amount (Sanitary Pads item with Vat ) NRs. | Bid Security Amount & Validity Period | Bid Document fee |
|---|---|---|---|---|
| BAGMUN/BAG/SQ/GOODS/ 04/080/81 | Procurement Supply and Delivery of Sanitary Pads | NRs. 19,99,375.67 | NRs. 50,000/– & 75 Days | 1,000/– |
| Deadline for Bid Submission | | 2081/01/14 (26-04-2024) Till 12.00 Noon | | |
| Date, Time and Place of Bid Opening | | 2081/01/14 (26-04-2024) 2.00 PM At Baglung Municipality | | |
| Account Number for Bid Document Purchase | | Name of Bank :- Nepal Bank Limited<br>Account No:- 2203000001001000001 | | |
| Account Number for Bid Security Deposit | | Name of Bank :- Nepal Bank Limited<br>Account No:- 2203000003000000001 | | |

2. Eligible Bidders may obtain further information at the office of Municipal Executive, Baglung Municipality, Baglung. Phone no. 9857620024, website : Baglungmun.gov.np or may visit PPMO website www.bolpatra.gov.np
3. Bidding Documents is available online and can be downloaded from www.bolpatra.gov.np/egp Interested bidders shoud register in the eGP system and deposit the cost of bid document in the above specified bank.

**Chief Administrative Officer**



## चौतारा साँगाचोकगढी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
चौतारा, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(प्रकाशित मिति २०८०/१२/२९)

चौतारा सागाचोकगढी नगरपालिका, चौतारा, सिन्धुपाल्चोकबाट मिति २०८०/११/२४ गते प्रभाब दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आह्वानको सूचना अनुसार रित पुर्वक म्याद भित्र www.bolpatra.gov.np/egp मा दर्ता हुन आएका बोल्पत्रदाताहरुको बोलपत्र मुल्यांकन गर्दा न्युनतम म'ल्याङ्कीत सारभूत रुपमा प्रभावग्राही भएको निम्न बमोजिमको बोल्पत्रदताहरुको बोलपत्र स्वीकृत गरिने भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ उपदफा (२) तथा सोहि ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि.नं. | ठेक्का नं. | निर्माण कार्यको प्रकृति | न्युनतम मुल्याङ्कीत सारभुत रुपमा प्रभावग्राही भएका बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक रु. (भ्याट, कन्टिन्जेन्सी र PS बाहेक) |
|---|---|---|---|---|
| १ | CSGM/NCB/WORKS -15/2080/081 | Construction of Kadambas Health Post Building, CSGM-09 | Shyam Construction, Chautara, Sindhupalchowk | २०,५६,६१०.५० |

**प्रमुख प्रशासकीय अधिकृत**
**चौतारा साँगाचोकगढी नगरपालिका**


## कीर्तिमानी डा.उपाध्याय सम्मानित




**हिमालय टाइम्स**
काठमाडौं, २८ चैत

विश्व कीर्तिमानी गीतकार एवं उपन्यासकार डा.डी.आर.उपाध्याय सम्मानित हुनुभएको छ । युगेन्द्र-लक्ष्मीकान्त अन्तर्राष्ट्रिय अनुवाद पुरस्कार गुठी, सिलगढी, भारतले बुधबार काठमाडौंमा एक विशेष समारोहबीच उहाँलाई सम्मान अर्पण गरेको हो ।

कार्यक्रमका प्रमुख अतिथि वरिष्ठ कलाकार मदनदास श्रेष्ठले उपाध्यायलाई सम्मान अर्पण गर्नु भएको थियो । सर्जक उपाध्यायलाई सम्मानपत्र, मेडल, मायाको चिनो, दोसल्ला, टोपी र रुद्राक्ष/फूलको माला र टीका तथा फूल वर्षासहित सम्मान गरिएको थियो ।

गुठीका अध्यक्ष साहित्यकार राधेश्याम लेकालीको सभापतित्वमा आयोजित सो कार्यक्रममा पत्रकार कृष्ण भूसालले सम्मानित स्रष्टा डी.आर.को परिचय राख्नु भएको थियो । कार्यक्रममा प्रमुख अतिथि मदनदास श्रेष्ठ, अध्यक्ष राधेश्याम लेकाली, विशिष्ट अतिथिहरू वरिष्ठ इतिहासविद् प्राडा सुरेन्द्र केसी, गीतकार संघका निवर्तमान अध्यक्ष गीतकार चूडामणि देवकोटा, साहित्यिक पत्रकार संघका पूर्वअध्यक्ष नरेन्द्रबहादुर श्रेष्ठ, सम्मानित स्रष्टा विश्व कीर्तिमानी सर्जक डा.उपाध्यायले आ-आफ्नो मन्तव्य राख्नु भएको थियो ।

अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास) का केन्द्रीय उपाध्यक्ष कवि राजेन्द्र श्रेष्ठलाई स्वागत सम्मान गरिएको कार्यक्रममा विशेष अतिथिहरू गीतकार संघका अध्यक्ष वसन्त बित्यासी, समालोचकहरू प्रमोद प्रधान र प्राडा गोविन्दमान सिंह कार्की, साहित्यकारहरू खेमनाथ दाहाल, र लेखनाथ पोखरेलको उपस्थिति थियो ।

कार्यक्रममा साहित्यकारहरू विमल भौकाजी, रमेश दाहाल, सुधा शर्मा, रुद्र अधिकारी, नीता श्रेष्ठ, कल्पना खरेल, सुरेन्द्र थापा, गीता अधिकारी, गायक संगीतकार सागर अधिकारी 'शरद',लगायतको उपस्थिति थियो । कार्यक्रमको सञ्चालन गुठीकी सदस्य साहित्यकार प्राज्ञ सुभद्रा भट्टराईले गर्नु भएको थियो ।

डा.उपाध्यायले विभिन्न विधामा १५३ विश्व कीर्तिमान कायम गर्नुभएको छ । यस्तै, उहाँका एक दर्जन बढी उपन्यास, तीन गीति पुस्तक र ३६ एल्बम सार्वजनिक भएका छन् । दुई सय पचासको हाराहारीमा गीत सार्वजनिक गर्नुभएका उपाध्यायका सयौं गीतका भिडियो पनि सार्वजनिक छन् ।

युगेन्द्र क्षेत्री अनुवाद अन्तर्राष्ट्रिय पुरस्कार आफ्ना श्रीमान् युगेन क्षेत्रीको नाममा र लक्ष्मीकान्त जोशी राष्ट्रिय अनुवाद पुरस्कार आफ्ना पिता लक्ष्मीकान्त जोशीका नाममा सूचना संवाद संजालकी सम्पादक साहित्यकार ललिता क्षेत्रीले स्थापना गर्नुभएको हो ।

## जोखिमपूर्ण फोटो पत्रकारिता अवार्ड तिमिल्सेनालाई

**हिमालय टाइम्स**
काठमाडौं, २८ चैत




प्रकाश चन्द्र तिमिल्सेनालाई जोखिमपूर्ण फोटो पत्रकारिता अवार्ड प्रदान गरिएको छ । डिजिटल मिडिया अवार्डले काठमाडौंमा गरेको कार्यक्रममा उहाँलाई उक्त अवार्ड प्रदान गरिएको हो ।

कार्यक्रममा उकालो अनलाइनकी दीपा दाहाललाई जोखिमपूर्ण पत्रकारिता अवार्ड, खबरहबका प्रधान सम्पादक अरुण बराललाई डिजिटल मिडिया एडिटर अवार्ड, प्राइम टाइम टिभीका अध्यक्ष तथा 'जनता जान्न चाहन्छन्' कार्यक्रमका प्रस्तोता ऋषि धमलालाई डिजिटल मिडिया पपुलर प्रोग्राम अवार्ड, सिधा कुरा जनतासँगका प्रस्तोता वीरेन्द्र जैरुलाई जनआवाज डिजिटल मिडिया अवार्ड, राष्ट्रिय डिजिटल मिडिया अवार्ड २०८० अन्तर्गत उहाँलाई मुख्य अवार्ड प्रदान गरिएको थियो ।

नागरिक दैनिकमा आर्थिक ब्युरो प्रमुख दिलीप पौडेललाई शसक्त पत्रकारिता अवार्ड, रजतपट टिभी कार्यक्रमका प्रस्तोता प्रकाश सुवेदीलाई वरिष्ठ रंग पत्रकारिता अवार्ड, खोज पत्रकारिता अवार्ड युवराज कँडेल सम्पादक, सिधा कुरा अनलाइन, अनुप भट्टराई, चलचित्र पत्रकारिता अवार्ड, चर्चित डिजिटल मिडिया अवाड कमल सर्गम समय टिभीलाई डिजिटल मिडिया इन्नोभेटिभ अवार्ड, चुरोकुरो अनलाइन टिभीका उमेश सुवेदीलाई डिजिटल मिडिया इथिकल अवार्ड, योहो टिभीका सन्तोष विके थापालाई डिजिटल मिडिया स्कृप्ट अवार्ड प्रदान गरिएको छ । कार्यक्रममा डिजिटल मिडियामा राम्रा काम गर्ने कुल २५ सञ्चारकर्मी र केही समाजसेवीलाई पनि सम्मान गरिएको थियो ।

आयोजक संस्थाका अध्यक्ष मिलनसिंह परियारसहित प्रतिनिधि सभाकी उपसभामुख इन्दिरा राना, सांसद डा.चन्द्र भण्डारी, अनलाइन टिभी पत्रकार संघका अध्यक्ष जीवन भण्डारीलगायतले अवार्ड प्रदान गर्नु भएको थियो । सो अवसरमा वरिष्ठ पत्रकार भैरव रिसाललाई लाइफ टाइम एचिभ्मेन्ट अवार्ड प्रदान गरिएको थियो ।

## 'लण्डन टु पेरिस'को गीत 'खुला आकाश' सार्वजनिक



**काठमाडौं/हिटा ।** आगामी जेठ २५ गतेदेखि सिनेमाघरमा आउने तयारीमा रहेको चलचित्र 'लण्डन टु पेरिस'को गीत 'खुला आकाश' सार्वजनिक गरिएको छ । काठमाडौंमा आयोजित कार्यक्रमबीच गीतको भिडियो सार्वजनिक गरिएको हो । सार्वजनिक गीतमा हर्कुलस बस्नेतको शब्द, संगीत र स्वर छ । गीतको भिडियोमा डेव्यु अभिनेता निश्चल खड्कासँग अभिनेत्री साम्राज्ञी राज्यलक्ष्मी शाहलाई रोमान्टिक अवतारमा प्रस्तुत गरिएको छ । गीतमा लण्डनका रमणीय दृश्य कैद गरिएको छ ।

घनश्याम लामिछाने निर्देशन गरेको चलचित्रमा साम्राज्ञी, निश्चल, कविर खड्का, गरिमा शर्मा, रुष्मा थापा, मनिष श्रेष्ठ र मनिष गान्धीको प्रमुख अभिनय छ । निश्चल र गरिमाको यो डेव्यु चलचित्र हो । चलचित्रले ट्राभल लभस्टोरीको कथा पेस गर्छ ।

चलचित्रको कथा, पटकथा र संवाद प्रदीप भारद्वाजले लेख्नुभएको हो । अमित बस्नेतले निर्माण गरेको चलचित्रमा आरोन बस्नेत, एरियाना बस्नेत तथा परी राना निर्माता रहनुभएको छ ।

एबी इन्टरनेशनलको प्रस्तुति रहेको चलचित्रमा गौतम प्रोडक्शन र अर्चिड भेस फिल्मस् लिमिटेडको निर्माण सहकार्य छ । सनिश खकुरेल र अजित केआर थापा चलचित्रका सहनिर्माता हुनुहुन्छ । अंकित गौतम, सुरज कुँवर र विजय भण्डारी यसका कार्यकारी निर्माता रहनुभएको छ ।

चलचित्रमा अभेद परवको डीओपी, हर्कुलश बस्नेत, एसडी योगी, बियोण्ड र सलिन मगरको संगीत, सजु चन्द्रको सम्पादन, सुजिल कर्माचार्यको पार्श्व संगीत, लंगनेस फर्नान्डेजको कोरियोग्राफी, साहिल खानको ट्रेलर र विजय बस्यालको पोष्टर डिजाइन छ । चलचित्रका मुख्य सहायक निर्देशकमा फिरोज खड्का हुनुहुन्छ ।


## KUWAIT मा वैदेशिक रोजगारको अवसर

कम्पनीः NATIONAL CLEANING CO. शहरः Kuwait
पूर्व स्वीकृत मितिः २०८०/१२/२८ चलानी नं.: ६०२१८१९५ LT. No.: 303406

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Driver | 50 | 0 | सम्बन्धित काममा दक्ष | 180 | ७७,८८२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Labor (Indoor) | 50 | 0 | | 85 | ३६,७७८ | | | | | | | |
| 3. | Light Driver | 50 | 0 | | 135 | ५८,४१२ | | | | | | | |
| 4. | Technician | 20 | 0 | | 135 | ५८,४१२ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ बैशाख ६ गते (18 April 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु १०,०००/ कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Govt. Lic. No. 1210/073/074

**GOLD OVERSEAS PVT. LTD.**
Basundhara Kathmandu, Tel: 5903225.
Email: goldovs2074@gmail.com, jivanshr5@gmail.com, goverseas12@gmail.com